# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

### प्रदेश नं १  झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, आश्विन ०७ गते, २०७९ साल,  संख्या ३

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोछ ।

**"छात्रवृत्तिमा प्राविधिक शिक्षा उपलब्ध गराउनका लागि बनाइएको कार्यविधि, २०७९"**

**पारित मिति २०७९/०६/०२**

**प्रमाणीकरण मिति २०७९/०६/०६**

नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा १ नं. प्रदेश, नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

# "छात्रवृत्तिमा प्राविधिक शिक्षा उपलब्ध गराउनका लागि बनाइएको कार्यविधि, २०७९"

*पारित मिति २०७९/०६/०२*
*प्रमाणीकरण मिति २०७९/०६/०६*

## प्रस्तावना

भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र कृषी र पशु पालनका क्षेत्रमा लागेका नगरबासीहरुलाई सो क्षेत्रमा भर पर्दो प्राविधिक सेवा उपलब्ध गराई व्यावसायिकताको बृद्धी गरी समृद्ध नगरको निर्माण गर्न प्राविधिक जनशक्तिको उत्पादन नगरपालिकाद्धारा गरी समृद्ध नगरको परिकल्पना तथा दोस्रो नगरसभाको ११ औं अधिवेशनबाट पारित "दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी युवा स्वरोजगारको सृजना गर्ने"नीतिलाई साकार रुप दिन नगरपालिका क्षेत्रका विपन्न लक्षित समूह तथा अति विपन्न लक्षित समूहका सदस्यहरुलाई प्राविधिक शिक्षामा पहुचँ स्थापित गराई स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको अनुभुति स्थानीय जनतालाई दिलाउदै लोक कल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय समेत कायम गर्न वाञ्छनिय भएकाले, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(२) (ण) (१) मा उल्लेखित व्यवस्थालाई कार्यन्वयन गर्न सोही ऐनको दफा १०२(२) अनुसार भद्रपुर नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो कार्यविधिको नाम "छात्रवृत्तिमा प्राविधिक शिक्षा उपलब्ध गराउनका लागि बनाइएको कार्यविधि,२०७९" रहेको छ ।
(२) यो कार्यविधि भद्रपुर नगरकार्यपालिकाबाट पारित भई नगर प्रमुखबाट प्रमाणीकरण भए पश्चात लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**
(क) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनुपर्छ ।
(ख) "कार्यपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनुपर्छ ।
(ग) "वडा" भन्नाले भद्रपुर नगरपालिकाका सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।
(घ) "समिति" भन्नाले यस कार्यविधिको दफा (९) मा उल्लेख गरिएको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ङ) "छात्रवृत्ति" भन्नाले तोकिए बमोजिमको परीक्षा उत्तीर्ण गरी सम्बन्धित निकायबाट कृषि विज्ञान, पशु विज्ञान, वन विज्ञान र अन्य प्राविधिक विधामा सञ्चालन हुने कम्तीमा १८ महिने अध्ययन कार्यक्रमका लागि लक्षित समूहका परिवारको कुनै एक सदस्यलाई नगरपालिकाबाट प्रदान गरिने कार्यालयले तोके वापतको रकम प्राविधिक शिक्षा छात्रवृत्ति सम्झनुपर्छ ।

(च) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाबाट उपलब्ध गराइने प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्न तोकिए बमोजिमको योग्यता प्राप्त लक्षित समूहका कुनै एक सदस्यलाई सम्झनुपर्छ ।

(छ) "लक्षित समूह" भन्नाले विपन्न वर्गका एकल महिला, भिन्न क्षमता भएका(अपाङ्गता भएका) व्यक्ति, आदिवासी/जनजाति/लोपोन्मुख जाति/मधेशी/पिछडा वर्ग/मुस्लिम/ दलित एवम् शहीद तथा वेपत्ता परिवार, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार र अति विपन्न वर्गका अन्य समूदायको परिवारलाई समेत सम्झनुपर्छ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने प्राविधिक शिक्षा अध्यापन गराउने नेपाल सरकार वा प्रदेश सरकारको कुनै आधिकारिक शिक्षण संस्था वा नेपाल सरकार वा प्रदेश सरकारबाट सम्बन्धन प्राप्त शिक्षण संस्था वा नेपाल सरकार मातहतको सि.टि.इ.भि.टि.वा सि.टि.इ.भि.टि. बाट सम्बन्धन प्राप्त शिक्षण संस्था वा तालिम प्रदायक निकायलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले :- भद्रपुर नगरपालिका नगरप्रमुख सम्झनु पर्छ ।

(ञ) "उपप्रमुख" भन्नाले :- भद्रपुर नगरपालिका नगरउपप्रमुख भन्ने सम्झनु पर्छ ।

ट) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले :-भद्रपुर नगरपालिकाका प्रमुख प्रसासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद -३
## छात्रवृति सम्बन्धि व्यवस्था

**३. छात्रवृत्ति प्रदान गरिने :-** (१) नगरपालिकाले प्रत्येक वर्ष लक्षित समूहका इच्छुक योग्य लाभग्राहीलाई मात्र यस कार्यविधिको अधीनमा रही सम्बन्धित निकायबाट सञ्चालन हुने कृषि, पशु विज्ञान, वन विज्ञान तथा अन्य प्राविधिक विधामा प्राविधिक शिक्षातर्फ छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको विषयमा उपलब्ध गराइने छात्रवृत्तिको संख्या साधारणतया नगरसभाबाट विनियोजित बजेट सिमाभित्र रही कार्यलयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि उपदफा (२) बमोजिम संख्या समेतको निर्धारण भई सकेपछि सम्बन्धित निकायसँग कार्यलयले आपसी समन्वय गरी सम्झौता गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विषयका लागि उपदफा (२) बमोजिमको संख्यामा छनोट हुने प्रत्येक लाभग्राहीलाई अध्ययन अवधिभर लाग्ने शुल्क नगरपालिकाले भुक्तानी गरी छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**४. छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता :-** देहायको योग्यता भएका लक्षित समूहका लाभग्राहीले यस कार्यविधिको अधीनमा रही छात्रवृत्ति प्राप्त गर्न सक्नेछन् :-

(क) सम्बन्धित निकायबाट निर्धारित आवश्यक न्यूनतम योग्यता प्राप्त गरेको र

(ख) नगरपालिकाको सम्बन्धित वडाको स्थायी बासिन्दा ।

**५. छात्रवृत्तिको कुल संख्यालाई बाँडफाँड गरिने :-** (१) यस कार्यविधि बमोजिम वितरण गरिने छात्रावृतिलाई देहाय अनुसार बाँडफाँड गरिनेछ

(क) विपन्न वर्गका एकल महिला, शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र अति विपन्न अन्य परिवारका सदस्यका लागि कम्तिमा एकवटा सिट,

(ख) विपन्न वर्गका आदिबासी, जनजाति, खसआर्य, मधेसी, पिछडा वर्ग, मुस्लिम, दलित र लोपोन्मुख समूदायका सदस्यका लागि कम्तिमा एकवटा सिट, र

(ग) भिन्न क्षमता भएका व्यक्तिका लागि कम्तिमा एकवटा सिट ।

(२) उपदफा (१) बमोजिमको संख्या निर्धारण भएको छात्रावृतिका लागि नगरपालिकाले दफा ११ बमोजिमको सूचना प्राशित गरी आवेदन माग गर्न सक्नेछ ।

**६. छात्रवृत्ति आरक्षण नगरिने :-** लक्षित समूहका व्यक्तिहरुलाई नै लक्षित गरी प्राविधिक शिक्षा छात्रवृत्तिको कार्यक्रम सञ्चालन गरिने भएकोले यस कार्यविधिको प्रतिकुल हुने गरी छात्रवृत्ति सम्बन्धी छुट्टै आरक्षण गरिने छैन । तर यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम छुट्याइएको संख्यामा उल्लेखित परिवार समूह बमोजिम आवेदन पर्न नआएमा तथा आवेदक छनोट हुन नसकेमा चक्रीय प्रणालीका आधारमा अन्य परिवार समूहका सदस्यलाई छात्रवृत्ति कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

**७. छात्रवृत्ति प्रदान नगरिने :-** देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन :-

(क) नेपाल सरकारको वा प्रदेश सरकारको वा नेपाल सरकारलाई वा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै छात्रवृत्ति प्राप्त गरिरहेको वा प्राप्त गरी सकेको,

(ख) कुनै सरकारीस्तरको तालिम प्रदायक निकायबाट यस कार्यविधिमा उल्लेखित विधामा छात्रवृत्ति प्राप्त गरी रहेको,

(ग) कुनै शिक्षण संस्थाबाट सोही विधामा छात्रवृत्ति प्राप्त गरी रहेको,

(घ) उम्मेद्वार कुनै फौजदारी कसूरमा दोषी प्रमाणित भएको ।

**८. छात्रवृत्ति रद्ध गरिने :-** देहाय बमोजिमको अवस्थामा समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सक्नेछ :-

(क) झुठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पूरा नगरेमा वा अध्ययन बीचैमा छाडेमा,
(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,
(घ) प्रशिक्षार्थी/विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित निकायले कार्यपालिकालाई लिखित जानकारी गराएमा कार्यपालिकाको निर्णय बमोजिम ।

## परिच्छेद-४
## व्यवस्थापन समिति सम्बन्धि व्यवस्था

९. **छात्रवृत्ति व्यवस्थापन समिति** :- (१) छात्रवृत्ति सम्बन्धि कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवम् व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :-
(क) नगर शिक्षा समितिको अध्यक्ष तथा नगर प्रमुख ....................................संयोजक
(ख) नगर उपप्रमुख ..........................................................................सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत ............................................................सदस्य
(घ) संयोजकले तोकेको नगर शिक्षा समितिले सदस्य एकजना ........................सदस्य
(ङ) सामाजिक विकास समितिको संयोजक तथा कार्यपालिका सदस्य ..............सदस्य
(च) शिक्षा शाखा प्रमुख, ...............................................................सदस्य-सचिव
(२) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधिको व्यवस्था प्रतिकुल नहुने गरी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

१०. **छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** :- यस कार्यविधिमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
क) छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,
ख) नगरपालिकाको निर्णय बमोजिम छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी दफा (३) को उपदफा (२) बमोजिम प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने विषय र संख्या एकीन गर्ने,
ग) छात्रवृत्ति प्रदान गर्नका लागि योग्य लाभग्राही छनौट गर्ने,
घ) छात्रवृत्ति प्रदान गर्ने छनोटका आधारहरु तय गर्ने,
ङ) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,
च) यस कार्यविधिको उद्धेश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय उपलब्ध गराउने ।

## परिच्छेद-५
## छनोट सम्बन्धि व्यवस्था

**११. छनोटको लागि सूचना प्रकाशन गर्ने** :- (१) समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आव्हान गरी स्थानीयस्तरका सञ्चार माध्यमहरुबाट समेत सूचना प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउनुपर्नेछ । तर, यो कार्यविधि लागू भएपछि पहिलो पटकको लागि सूचना समितिले निर्धारण गरेको मितिमा प्रकाशन गरिनेछ ।

(२) खास अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ :-

क) छात्रवृत्ति प्रदान गरिने विधा/विषय र तह,

ख) प्रत्येक विधा/विषयमा प्रदान गरिने छात्रवृत्तिको संख्या,

ग) छात्रवृत्तिमा छनोट गर्ने प्राथमिकताका मुख्य आधारहरु,

घ) दरखास्तको ढाँचा सम्बन्धि विवरण ,

ङ) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,

च) दरखास्त बुझाउनु पर्ने स्थान र

छ) समितिले निर्धारण गरेका अन्य विषयहरु ।

(४) उपदफा (३) बमोजिमको सूचना कार्यपालिकाको वेभसाइटबाट समेत प्रकाशन गरिनेछ ।

**१२. दरखास्त दिनुपर्ने** :- (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूह भित्रका इच्छुक लाभग्राहीले दफा (११) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोहि सूचनामा तोकिएको ढाँचा र स्थानमा दरखास्त दिनुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम दरखास्त फारामको ढाँचा प्रत्येक समूह एवम् विधाका लागि एउटै वा छुट्टा छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**१३. प्रवेश परीक्षा सञ्चालन गर्ने** :- (१) दफा (१२) बमोजिम दरखास्त दिएका सबै लाभग्राहीहरुले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिमा छनोट हुनका लागि समितिले सञ्चालन गर्ने प्रवेश परीक्षामा सहभागी हुनु पर्नेछ ।

(२) समितिले सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी उपदफा (१) बमोजिमको प्रवेश परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने प्रवेश परीक्षाको योग्यता क्रमानुसारको नतिजा समितिले प्रकाशन गर्नेछ ।

**१४.योग्यताक्रमको सुची तयार गर्ने** :- समितिले दफा (१३) बमोजिम सञ्चालन गरेको सबै आवेदक लाभग्राहीहरुको प्रवेश परीक्षाको प्राप्तांकमा देहाय बमोजिमको अंक समेत जोडी

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

कायम हुन आउने योग्यताक्रम अनुसारको अलग्गै सुची तयार गर्नेछ र अध्ययन गरेको शैक्षिक संस्था वापत्- अधिकतम १० अंक देहाय अनुसार हुनेछ ।

(क) सामुदायिक विद्यालयबाट प्रवेशिका वा सो सरहको परिक्षा उर्तिण गरेको लाभग्राहीलाई १०(दश) अङ्क

(ख) संस्थागत विद्यालयबाट प्रवेशिका वा सो सरहको परिक्षा उर्तिण गरेको लाभग्राहीलाई ७(सात) अङ्क

१५.**लाभग्राही छनोट गर्ने** :- (१) समितिले दफा (१४) बमोजिम तयार गरेको अन्तिम योग्यताकमको सूचीका आधारमा छनोटको सिफारिस कार्यपालिकामा पेश गरी सो को विवरण सार्वजनिक समेत गर्नुपर्नेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम पेश भएको योग्यताकम अनुसारको सूचीका सम्बन्धमा आवश्यकता अनुसार दफा (१२) बमोजिम पर्न आएका दरखास्त उपर समेत छानविन गरी प्राप्त दरखास्तमध्ये योग्यताकमको आधारमा दफा (११) बमोजिमको सूचनामा उल्लेख भएको संख्यामा छात्रवृत्ति प्रदान गरिने लाभग्राही छनोटको अन्तिम निर्णय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अन्तिम योग्यताकमको सूची छनोटको सिफारिस गर्दा समितिले कम्तीमा १०० प्रतिशतसम्म बैकल्पिक योग्यताकमको सूचीको विवरण समेत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) कार्यपालिकाले उपदफा (२) र (३) बमोजिमको छात्रवृत्ति छनोट र वैकल्पिक योग्यताकमको सूची सार्वजनिक गर्नेछ र सो को जानकारी सम्बन्धित निकायलाई समेत दिनु पर्नेछ ।

(५) कार्यपालिकाले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लाभग्राहीहरुको योग्यताकमको सूची नगरपालिकाको वेभसाइटबाट समेत प्रकाशन गर्नेछ ।

१६. **प्राथमिकता पाउने** :- दफा (१४) बमोजिम छात्रवृत्तिको लागि योग्यताकम तयार गर्दा एक जनाभन्दा बढी विद्यार्थीको समान अंक प्राप्त भएमा पहिला सामुदायिक र दोस्रोमा संस्थागत विद्यालयमा अध्ययन गरेको विद्यार्थीलाई प्राथमिकता दिइनेछ । यसरी समेत क्रम नछुटिएमा निजले पेश गरेको शैक्षिक योग्यताको प्राताङ्क प्रतिशतलाई आधार मानिनेछ ।

१७. **कबुलियतनामा गर्नुपर्ने** :- (१) दफा (१५) बमोजिम छात्रवृत्तिको लागि लाभग्राही छनोट भई उजुरीको म्याद समाप्त भएपछि छनोट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र प्रचलित कानून बमोजिम निर्धारित ढाँचामा तीनप्रति कबुलियतनामा गर्नु पर्नेछ । यस्तो कबुलियतनामामा सम्बन्धित लाभग्राहीले अध्ययन सम्पन्न गरि सकेपछि कम्तीमा १ (एक) वर्ष ६ महिना नगरपालिकामा सेवा गर्नु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ । सो १ वर्ष ६ महिनाको अवधीमा संघ, प्रदेश एवम् अन्य स्थानिय तहको स्थायी सेवामा परिक्षा उर्तिण गरी सेवा सुरु गरेमा सेवा गर्नु पर्ने कबुलियतनामाको सेवा अवधी मिनाहा हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट यही विषयमा छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा तथा अध्ययन पूरा गरी नगरपालिकाले खटाएको काम नगरेमा वा विषय परिवर्तन गरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा उल्लेख गर्नुपर्नेछ । तर नगरपालिकालाई एक वर्ष सेवा उपलब्ध गराउदा कै बखत त्यस्तो व्यक्तिले अन्य सरकारी सेवामा प्रवेश पाएमा छात्रावृतिको रकम मिनाहा हुनेछ ।

(३) छात्रावृति पाएर अध्ययन गरी सके पश्चात नगरपालिकामा १ (एक) वर्ष ६ महिना सेवा उपलब्ध गराई रहेका व्यक्तिहरुलाई नगरपालिकाबाट निर्वाह भत्ता उपलब्ध गराइने छ ।

(४) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक/एक प्रति कार्यपालिका, सम्बन्धित निकाय र सम्बन्धित लाभग्राही एवम् अभिभावक समेतलाई उपलब्ध गराइनेछ ।

१८. **बैकल्पिक योग्यताकमको सूचीमा परेको उम्मेद्‌वारलाई छात्रवृत्ति प्रदान गर्न सकिने** :- (१) छात्रवृत्तिको लागि छनोट भएको लाभग्राहीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा (१७) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा (७) को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक योग्यताकमको सूचीमा नाम समावेश भएका उम्मेद्‌वारलाई सम्बन्धित निकाय सँग समेत समन्वय गरी योग्यताकम अनुसार सोही शैक्षिक सत्र/वर्ष भित्र समावेश गरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

(२) दफा (१) बमोजिम छात्रवृत्ति पाउन योग्य बैकल्पिक लाभग्राही उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा दफा (१६) बमोजिमको कबुलियतनामा गरी सक्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१९. **सम्बन्धित निकायको छनोट सम्बन्धि व्यवस्था** : यस कार्यविधि बमोजिम भद्रपुर नगरपालिकाबाट उपलब्ध गराउने छात्रावृतिमा अध्यापन गराउने "सम्बन्धित निकायको छनोट गर्दा त्यस्तो अध्यापन गराउने सम्बन्धित निकाय नगर क्षेत्रभित्र रहेको भए पहिलो प्राथमिकता, तुलनात्मक रुपमा कम शुल्कमा अध्यापन गराउने, पछिल्लो पाँच वर्ष तोकिएको विषय अध्यापन गराई उत्कृट नतिजा प्राप्त गरेको, नगरपालिकासँग सहकार्य गर्न उत्सुक भएको सम्बन्धित निकायलाई कार्यपालिकाले निणर्य गरी छनोट गर्ने र सम्झौता गरी कार्यन्वयन गरिनेछ ।

२०. **अभिलेख राखिने** :- समितिले छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र सो अद्यावधिक विवरण सार्वजनिक समेत गर्नु पर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**२१. छात्रवृत्तिको रकम भुक्तानी :-** दफा (१५) बमोजिम छात्रवृत्तिको लागि छनोट भई दफा (१७) बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम नगरपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट कार्यालयले दफा (३) अनुसार सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम सोझै सम्बन्धित निकायको खातामा जम्मा हुने गरी पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्न सक्नेछ ।

**२२. विषय परिवर्तन गर्न नपाउने :-** छात्रवृत्तिमा छनोट भई अध्ययन गरिरहेको लाभग्राहीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय परिवर्तन गर्न पाउने छैन ।

**२३. जानकारी गराउनु पर्ने :-** (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी सकेपछि निजले प्रमाणपत्र प्राप्त गर्नु अघि सम्बन्धित निकायले नगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि लाभग्राही स्वयम् कार्यपालिकामा उपस्थित भई पेश गर्नुपर्नेछ र नगरपालिकाले तोके बमोजिमको सेवा उपलब्ध गराउनुपर्नेछ ।

**२४. व्याज सहितको रकम असूल गरिने :-** (१) छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीको दफा (८) बमोजिम छात्रवृत्ति रद्ध भएमा वा नगरपालिकाले खटाएको काममा संलग्न नभएमा त्यस्तो लाभग्राहीको छात्रवृत्तिमा लागेको सम्पूर्ण रकम र सोमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम सरकारी बाँकी सरह त्यस्तो लाभग्राहीबाट असूल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन कै क्रममा गम्भीर विरामी भएको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित लाभग्राहीको काबुबाहिरको परिस्थिति परी अध्ययन गर्न नसकेको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा वा लाभग्राहीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रकम समितिको सिफारिसमा कार्यपालिकाले मिनाहा गर्न सक्नेछ ।

**२५. पुनःछात्रवृत्तिमा छनौट नगरिने :-** छात्रवृत्तिमा छनौट भएको कुनै लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन दफा (२३) को उपदफा (२) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा पूरा नगरी छाडेमा वा नगरपालिकाले खटाएको काममा संलग्न नभएमा वा यस कार्यविधिमा तोकिए बमोजिमको शर्त पूरा नगरेमा नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्ति लगायत अन्य कुनै सेवा सुविधामा छनौट गरिने छैन ।

**२६. प्रतिवेदन पेश गर्ने :-** (१) प्रत्येक वर्ष प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धि मूल्यांकन, छात्रवृत्ति कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ । कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन नगरसभामा समेत पेश गरी सार्वजनिक गर्नु पर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(२) छात्रवृत्तिमा अध्ययन गर्ने लाभग्राहीले समेत प्रत्येक ६/६ महिनामा सम्बन्धित निकाय मार्फत समितिले तोकेको ढाँचामा समितिमा प्रतिवेदन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले तीन दिनभित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

२७. **बाधा अड्काउ फुकाउन सक्ने** :- यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ र त्यसरी फुकाइएको बाधा अड्चनको जानकारी नगरसभामा पेश गर्नु पर्नेछ ।

आज्ञाले
(टेककुमार रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत